**गोकुलगंगा गाउँपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**रस्नालु , रामेछाप**

**३ नं प्रदेश ,नेपाल**

# आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

प्रस्तुत :

अध्यक्ष  श्री खड्ग बहादुर सुनुवार

मिति : २०७६ असाढ ९

# गोकुलगंगा गाउँपालिका
# गोकुलगंगा गाँउ कार्यपालिकाको कार्यालय
# रस्नालु , रामेछाप
### ३ नं. प्रदेश ,नेपाल
## ९ असार २०७६

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

उपस्थित कर्मचारी साथीहरु,

गोकुलगंगा गाउँपालिकाको यस गरिमामय  गाउँसभामा आर्थिक वर्ष २०७६/०७७ नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गैरवान्वीत भएको छु ।

१. नेपालको संविधान र संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ,  बिद्यमान कानुनको व्यबस्थानुरुप गाउँपालिकामा स्थानीय सरकारले आफ्नो नीति तथा कार्यक्रम आफै बनाउने र आफ्नो लागि आफैं शासन गर्ने लोकतन्त्रको मुल मर्मलाई कायम राख्ने अबसर स्थानीय तहले पाएकोमा अत्यन्त हर्षित छु । हाम्रो देशलाई बर्तमान अबस्था सम्म ल्याइपुर्‍याउन प्राण उत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम् भुमिका निर्वहा गर्नुहुने सम्पुर्ण व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छु । नेपालको संबिधान २०७२ ले परिकल्पना गरे अनुरुप स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैं बनाउँ, जनताको सबै भन्दा नजिकको सरकार जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।  नेपालको संविधानको प्रावधान अनुसार अधिकार र स्रोत साधन सम्पन्न स्थानीय  तहको रुपमा गोकुलगंगा गाउँपालिका गठन भएको हो ।  उक्त स्थानीय तह सरकारकै रुपमा  रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्ने

व्यवस्था छ, जनतामा विकासप्रतिको तीव्र चाहना, जनप्रतिनिधि मार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् । स्थानीय तहले स्थानिय कर लगाउने, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको गोकुलगंगा गाउँपालिकाको पाँचौं वर्षको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित एवम् गौरवान्वित छु ।

२. गोकुलगंगा गाउँपालिकाले विकासका चाहनालाई जनताको घर आँगनमा सहज र सरल तरिकाले पुऱ्याउन प्रयास गरिरहेको छ । चालु  आर्थिक वर्षको निति तथा कार्यक्रममा समाविष्ट भएका विभिन्न कार्यक्रम तथा आयोजनाहरु प्रायः सम्पन्न भइसकेका छन् भने कुनै कार्यान्वनको  अन्तिम चरणमा छन् । चालु आ.व.२०७५/०७६ मा विभिन्न ऐन तथा कानुनहरु निमार्ण समेत गरिसकिएको छ, केही ऐन तथा कानुनहरु निमार्णको चरणमा रहेका छन् । गाउँपालिकाले आफ्नै भवन निमार्ण गरी व्यवस्थित कार्यालय संचालन गरिसकेको छ । वडा तहमा पनि एउटै डिजाइनका ६ वटा वडा कार्यालय भवन निमार्णको लागि बोलपत्र भई प्रकृया अघि बढि सकेको छ ।

३. नेपाल सरकारले ल्याएको नीति “**समृद्ध नेपाल  शुखी नेपाली**” भन्ने नारालाई सार्थक तुल्याउन साथै नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा प्रतिवद्धता तथा राष्ट्रिय स्तरमा अभिव्यक्त विभिन्न प्रतिबद्धतालाई समेत मध्यनजर गरी नितिगत कुराहरुलाई कार्यान्वय गर्दै लगिनेछ । स्थानीय तहले  आधुनिक कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पुर्वाधार, उद्योग, रोजगार, खेलकुद, वातावरणलाई प्राथमिकताका साथ अगाडी बढाउनुका साथै निजी क्षेत्रसंग समेत हातेमालो गरी प्रविधि मैत्री कार्यक्रमलाई अगाडी बढाउदै लगिनेछ ।

४. संघ, प्रदेश र स्थानीयतहको सहकार्य सहअस्तित्व र समन्वयको आधारमा गाउँपालिकाको बिकास गर्ने नीतीलाई अगाडी बढाईनेछ । गाउँपालिकाले प्रस्ताब गरेका गौरवका आयोजनाहरुलाई कार्यान्वय गर्न प्रदेश सरकार, संघिय सरकार संग समन्वय गरी अगाडी बढाउने नीति लिइएकोछ ।

५. नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्ने तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा सुशासन तथा न्यायपूर्ण व्यवस्था कायम गरिनेछ ।

६.**"नतिजामूखी प्रशासन : समृद्धी र सुशासन"** भन्ने नारालाई स्थानीय तहमा  कार्यान्वय गर्न आवश्यक कर्मचारी पूर्ण रुपमा परिपूर्ति भई नसकेको अवस्थामा संविधान र स्थानीय सरकार संचालन ऐनको व्यबस्था अनुसार स्थानीय तहबाट प्रदान गर्नुपर्ने जनता संग प्रत्यक्ष सरोकार राख्ने दैनिक सेवालाई गाउँपालिकाले सहज र सरल रुपमा प्रदान गर्दै आएको छ । दैनिक काम काजहरुको लागि गाउँपालिकामा प्रविधि मैत्री व्यवस्थापन गरी सिसी क्यामरा समेत जडान गरि सेवा प्रदान गरिएको छ । कर्मचारीहरुको कला क्षमता बौद्धिकता तथा कार्यकुशलता लाई व्यवस्थित तथा उजागर गर्न विभिन्न कार्यक्रम बनाई कार्यन्वयनमा ल्याईनेछ ।

७. आर्थिक समानता, सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा शान्ती शुरक्षा प्रत्याभुत गर्न, समता मुलक समाजको स्थापना, दिगो बिकास र शान्ती हामी गोकुलगंगा गाउँबासीको चाहना हो । यस्तो अवस्थामा  यस गाउँपालिकाले  **सभ्य, सक्षम र समृद्ध गाउँपालिका** निमार्णको लागी ५ वर्षे लक्ष्य तथा उद्देश्य सहितको योजनालाई निरन्तरता दिइएको छ ।

८. गोकुलगंगा गाउँपालिकाले सभ्य, सक्षम र समृद्ध गाउँपालिका निमार्णका लागि लिइएका लक्ष्य र उद्देश्य पुरा गर्न हाम्रो स्थानीय तहले सम्पन्न गर्न नसक्ने तर अति आबश्यक र सम्भावना भई गाउँपालिकाले पहिचान गरेका राष्ट्रिय गौरवका आयोजनाहरु प्रदेश सरकार तथा संघीय सरकारसंग माग गरी निमार्णका लागी प्रयास गरिनेछ ।

९. गोकुलगंगा गाउँपालिकामा तीन वर्ष भित्रमा स्वच्छ र शुद्द पिउने पानी पुऱ्याउन एक घर एक धारा नीतीलाई अवलम्वन गरी कार्यक्रम अघि बढाइएको छ ।

**सभाका सदस्यज्यूहरु,**

१०. नेपालको कुल ग्राहस्थ उत्पादनको करिब एक तिहाई योगदान र रोजगारीको दुई तिहाई जनसंख्या कृषि क्षेत्रमा निर्भर रही जीविकोपार्जनको प्रमुख स्रोतको रुपमा रहेकोले गरिबी न्यूनीकरण र खाद्य सुरक्षाले अर्थतन्त्रमा ठूलो प्रभाव पारेको स्पष्ट देखिएता पनि कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिएको अवस्था देखिएको छ । कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि हुन नसक्नुमा मनसुनको अनिश्चितता ,जलवायु परिवर्तन, सिंचाईको अभाव, रोग तथा किराको प्रकोप, बजार को अभाव, नयाँ प्रविधिको अभावलाई राम्रो संग पहिचान गरी कृषि लाई मुख्य प्राथमिकतामा राखी गोकुलगंगा गाउँपालिकाले **"सभ्य, सक्षम र समृद्ध गाउँपालिका"** निमार्णका लागि लिएको लक्ष्य र उद्देश्य पुरा गर्न कृषिलाई प्राथमिकता दिई **"व्यावसायिक प्राङ्गरिक खेती गोकुलगंगाको समृद्धि"** भन्ने

नारालाई पुरा गर्न सम्भाव्यता हेरी कृषिमा विभिन्न १८ वटा पकेट क्षेत्र निर्धारण गरि संचालनमा ल्याईएको कार्यक्रमहरुलाई निरन्तरता दिई अन्य ठाउँहरुमा समेत कार्यक्रम थप गरि कायान्वयन गरिनेछ ।

११. कृषि उत्पादन लाई जोड दिदैं कृषि सहकारी, कृषक समूह मार्फत बजार व्यवस्थापन गर्नको लागि कृषि उपज संकलन तथा विक्री वितरण केन्द्रको स्थापना गर्ने उद्देश्यको साथ कार्यक्रम संचालन गरिनेछ ।

१२. शुद्ध दुध, माछा, मासु र अण्डामा आत्मनिभर बनाउन गाउँपालिकाले पशुपंछी पालन कार्यलाई निरन्तरता दिइएको छ ।

१३. शिक्षा क्षेत्रलाई समय सापेक्ष बनाउन शिक्षा सुधार कार्यक्रमलाई निरन्तरका साथ अगाडी बढाउँदै लगिने छ । जस अनुरुप व्यवस्थित फर्निचर, पुस्तकालय, सुचना प्रविधि, कम्पाउण्ड, बगैचा, खेलमैदान, शुद्ध खानेपानी, शौचालय जस्ता अति आवश्यक पूर्वाधारहरुलाई प्राथमिकता दिई सबै बालबालिकाहरुलाई विद्याालयमा अनिवार्य भर्ना अभियान संचालन गरी गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि उचित वातावरण निमार्ण गरिनेछ ।

१४. बालकक्षाको लागि व्यवस्थित वातावरण सृजना गरी आधारभुत तह कक्षा ५ देखि ८ को वार्षिक परिक्षा गाउँपालिका स्तरमा  संचालन गरिनेछ । उक्त  परिक्षामा उत्कृष्ट हुने ३ (तीन) विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ र उत्कृष्ठ नतिजा ल्याउने १ (एक) विद्यालयलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्था गरिनेछ । यस गाउँपालिका भित्रका सामुदायिक विद्यायलयबाट एस.इ.ई को परिक्षामा उत्कृष्ट स्थान हाँसिल गर्ने ५ जना (पाँच) विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरिने कार्यक्रमलाई निरन्तरता दिई, प्राविधिक विषय ( सुचना प्रविधि, अमिन, होटल म्यानेजमेन्ट, नर्स, कृषि, पशु, वन, पर्यटन आदि) अध्ययनका लागि एक एक जनालाई मापदण्ड तयार गरी छात्र वृतिको व्यवस्था गरिनेछ ।

१५. गोकुलगंगा गाउँपालिकाले तयार गरेको प्रोफाईलको तथ्याङ्कले औंल्याएको विद्यालय जानबाट वाहिर रहेका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय जाने वातावरणको सृजना गर्ने कार्यक्रम ल्यईनेछ ।

१६. विद्यालयलाई शान्ती क्षेत्र स्थापना गरी अपाङ्ग, वालमैत्री बनाउने नीति लिइने छ । सहभागितामुलक शैक्षिक प्रणालीलाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ ।

१७. स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS, लागू पदार्थ दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ । जहाँका “**जनता**

**स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ"** भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ आबश्यक पहल गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, **म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त बनाउनुका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन अहम भुमिका निर्वहा गर्ने महिला स्वास्थ्य कार्यकर्ता तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्न थप प्रोत्साहनको ब्यबस्था गरिनेछ । युवा युवतीहरुको लागि युवा मैत्री शिक्षा, यौन तथा एच.आइ.भि.एड्स शिक्षा, सर्ने तथा नसर्ने रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । २४ घण्टे प्रसुति सेवालाई थप व्यवस्थित बनाईनेछ । स्वास्थ्य चौकीहरुमा आवश्यक औषधी, उपकरण र अनुभवि तथा दक्ष प्राविधिक व्यवस्था गरिनेछ । गाउँपालिका स्तरमा निर्माणाधिन ५ सैंयाँको अस्पताल निमार्णको कामलाई सम्पन्न गर्ने गरी आबश्यक रकम व्यवस्था गरी स्वास्थ्य सेवा समेत संचालन गरिनेछ ।

१८. गर्भवती तथा सुत्केरी आमा लाई स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भाधान गराउँदा पाउने सेवा सुविधालाई यथावत् राखि थप प्रोत्साहन गर्ने कार्यक्रमको व्यवस्था मिलाईने छ । पाठेघरको क्यान्सर, पाठेघर खस्ने, मोतीविन्दु जस्ता रोगको उपचार गर्न शिविर सञ्चालन गर्ने नीति ल्याईनेछ ।

१९. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि केन्द्रित विनियोजित रकम मार्फत संचालन गरिने कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ब्यबस्था मिलाईनेछ ।

२०. विपन्न महिला, दलित, अल्पसंख्यक र जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाह गर्न घर आगनमा स्वास्थ्य सेवा तथा सरकारले ल्याएको स्वास्थ्य विमा तथा एक वडा एक नर्सको कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।

२१. सार्वजनिक शौचालय सबै वडा तह, वजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा महिला पुरुषको छुट्टै शौचालय निमार्ण गर्ने नीति अबलम्बन गरीनुका साथै आफुले गर्ने फोहोर आफै व्यवस्थापन गर्ने कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । फोहोर व्यवस्थापन गर्न स्थानीय सामाग्रीबाट निर्मित डष्टविन वितरण गर्ने ब्यबस्था गरिनेछ ।

२२. **"शान्ती र समृद्धिमा युवा"** भन्ने नारालाई आत्मासात गर्दै कृषि, पर्यटन, पुर्वाधार विकास आदिमा युवा शक्तिको परिचालन गरी रोजगारी सृर्जना गर्ने कार्यक्रम संचालन गरिरनेछ ।

२३ यस गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधार पर्यटन बिकास पनि हो । त्यसैले ताँबेडाँडा, जट्टापोखरी, पाँचपोखरी तथा कृषिका परियोजनाहरुको पर्यटन हब निर्माण तथा

स्थानीय कला, संस्कृति र भाषाको सम्बर्द्धन र संरक्षण गरी पर्यटन विकासको अबधारणालाई अगाडी बढाईनेछ ।

२४. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । यसै तथ्यलाई मध्य नजर गर्दै गाउँपालिकाको कार्यालय तथा यस अन्तरगतका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सबै वडा कार्यालयहरुलाई  सुचना र प्रविधि मैत्री बनाउदै सुचना प्रविधिको क्षेत्रमा सम्बन्धित निकायहरुसंग समन्वय गर्दै गाउँपालिकाले IT को व्यवस्था गरी कक्षा सञ्चालनको लागि आबश्यक बजेटको ब्यबस्था गरिनेछ । साथै गोकुलगंगा गाउँपालिका अर्न्तरगतका सरकारी कार्यालयका जिन्सि समान व्यवस्थापनका लागि स्टोर व्यवस्थापन सफ्टवेयर (Inventory Management Software) प्रणालीको कार्यन्वयन गर्ने ब्यबस्था मिलाईने छ ।

२५. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपाङ्ग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु यसै आर्थिक बर्षबाट कार्यान्वयनमा ल्याउने ब्यबस्था मिलाईने छ । समाजमा महिलाको स्थान पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल प्रवाहमा ल्याउन, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका निर्वहा गर्ने वातावरण बनाउन र संविधान तथा कानुन बमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपाङ्गमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ केन्द्रित हुने खालका नीति अङ्गिकार गरिनेछ । अपाङ्गता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपाङ्गहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ र त्यस्तो समुदायको विकासको लागि क्षमता अभिवृद्धि हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन विभिन्न सिपमुलक तालिमहरुको प्रबन्धको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२६. संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रमबाट लाभन्वीत व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रममा संलग्न लाभग्राहीहरुको विवरण अनलाइन प्रणलीमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा वापतको रकम यथा सम्भव चाँडो प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षा भत्ता प्रत्येक व्यक्तिको टोल तथा घर आगनमा पुऱ्याउनको लागि आबश्यक व्यवस्था मिलाईनेछ ।

२७. गोकुलगंगा गाउँपालिकाले **पवित्रता, सहिष्णुता, संरक्षण, सुशासन, कृषि र पर्यटन** भन्ने नारालाई मध्यनजर गर्दै यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरी उचित

व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गर्नुका साथै यस क्षेत्रमा रहेका बिभिन्न खानीको खोज अनुसन्धान तथा उत्खननको लागि यथोचित प्रयास गरिनेछ । यस क्षेत्रमा पाईने लोपोन्मुख वन्यजन्तु रेडपान्डा, हिमचितुवा, बाघ, भालु, डाँफे, कस्तुरी, घोरल लगायतका वन्यजन्तुको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

२८. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको अवधारणा अनुरुपका बिभिन्न जातका खेतिहरु जस्तै  किवी, आलु, तरकारी, अलैची, चिया लगायतलाई उन्नतजातको विरुवा अनुदान दिने नीति बनाई कार्यन्वयनमा ल्याइने छ ।

२९. माटोको गुणस्तर परीक्षण गरी उपयुक्त खेति तथा बोट विरुवा लगाउने कार्यको लागि प्रोत्साहन गर्ने खालका कार्यक्रम बनाई लागू गरिनेछ ।

३०. विद्यालय क्षेत्र विकास कार्यक्रम **"सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा"** भन्ने भनाईलाई साकार तुल्याउन प्राविधिक तथा व्यवसायिक शिक्षा लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालवालिकाको लागि आउने दिवा खाजा कार्यक्रम, वालमैत्री स्थानीय शासन कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई थप ब्यबस्थित र समयानुकुल बनाउदै लगिनेछ । विद्यालयको पुर्वाधार विकास तथा वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा थप उर्जा प्रदान गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

३१. गोकुलगंगा गाउँपालिका क्षेत्रको आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक अवस्था कमजोर रहेको छ । देश विकास तथा मानव विकासको मेरुदण्ड मानिने शिक्षालाई सरोकारवाला सबैको ध्यान केन्द्रित गरी यस क्षेत्रको शैक्षिक सुधार तर्फ अग्रसर गराउने नीति बिकास गरी कार्यन्वयनमा ल्याइने छ । सरोकारवाला तथा शैक्षिक निकायहरु द्धारा शिक्षक तथा विद्यार्थीहरुको दैनिक हाजिरी लगायतका विद्यालयको विविध पक्षको यथार्थ जानकारी लिन समय समयमा विभिन्न विद्यालयहरुको निरन्तर अनुगमन तथा मूल्यांकन गरी विद्यालयगत रुपमा अभिलेख राखी उचित दण्ड तथा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

३२. सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरि **"सवैका लागि र सधैका लागि शिक्षा"** भन्ने नारालाई मूर्तरुप दिन विभिन्न बालमैत्री कक्षा शिक्षण तथा Talking Teacher कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. गोकुलगंगा गाउँपालिकाको प्रत्येक वडामा एक-एक वटा खेल मैदानको निर्माण गर्ने लक्ष्य अनुरुप सञ्चालन भईरहेको खेलमैदान निर्माणको कामलाई निरन्तरता दिदै आगामि दिनमा यस गाउँपालिकामा उच्च स्तरको खेलकुद संचालन गर्नको निमित्त एउटा आफ्नै

मौलिकता झल्किने रङ्गशालाको स्थापना गर्नको निमित्त आवश्यक पुर्वाधारको विकास गर्दै लगिनेछ । यस गाउँपालिकाले **"राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद"** भन्ने मुल नारालाई साकार पार्न प्रत्येक वर्ष **"गाउँपालिका अध्यक्ष कप"** प्रतियोगिता संचालनलाई निरन्तरता दिईने छ ।

३४. यस गाउँपालिकाले विपद् व्यवस्थापन कोष, एम्बुलेन्स संचालन कोष, मर्मत सम्भार कोष लगाएत अन्य विभिन्न कोषहरु स्थापना गरी संचालनमा ल्याउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

३५. वातावरण संरक्षणका लागि जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम र वन तथा वातावरणका कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका भित्रको भू-क्षय, बाढीपहिरो, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत प्रदान गर्न गाउँपालिकामा सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल रेडक्रससंग समन्वय गरी तत्कालै प्राथमिक उपचार तथा राहत उपलब्ध गराउन तत्कालिन र दिर्घकालिन योजना बनाई कार्यान्वयनमा ल्याउने उद्देश्यका साथ गोकुलगंगा गाउँपालिकाले आपत्तकालिन केन्द्र स्थापना गरेको छ जसलाई थप व्यवस्थित बनाउँदै लागिने छ ।

३६. सहकारी संस्थालाई सक्षम र सुदृढ बनउँदै आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा जोड दिएर यसको पुँजीलाई समाजमा रहेको बरोजगारी न्यूनिकरणको लागि परिचालन गरिने नीति लिइनेछ ।

३७. गाउँपालिका स्तरको सडकको मापदण्ड तथा गुरु योजना निमार्ण गरी व्यवस्थित सडक निमार्ण कार्यलाई अगाडि बढाइनेछ साथै गत आर्थिक वर्षमा निर्माण गरिएका सडकहरुको नियमित रुपमा स्तरोन्नत्ती गरी वाह्रै महिना सडक सूचारु गर्ने निति लिइएको छ ।

३८. आन्तरिक तथा वाह्य पर्यटकलाई आर्कषित गर्ने ध्येयका साथ सार्बजनिक शौचालय, पिकनिक स्पोर्ट, पार्क, भ्युटावर लगायतका पुर्वाधारहरुको बिकास गर्दै लाने लक्ष्यका साथ अगाडी बढ्ने नीति अबलम्बन गरिएको छ ।

३९ बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक संघ, संस्था सरकारी निकाय, दातृ निकाय, प्राइभेट कम्पनी तथा व्यवसायमुलक संस्थासंग सहकार्य र समन्वय गरी सामाजिक विकासका कार्यक्रम संचालन गरी विपन्न, आर्थिक रुपले कमजोर पिछडिएको बर्ग, महिला दलित, अल्पसङ्ख्यक सामुदायको जिवनस्तरमा सुधार ल्याउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. हाम्रो गाउँघरमा छरिएर रहेका घर तथा साना वस्तीहरु छन् जसले जनतामा सेवा सुविधा पुर्‍याउन असहज हुने भएकाले त्यस्तो वस्तीको संरचनालाई समयानुकुल परिवर्तन

गर्न गुरुयोजना निमार्ण गरी नमुना एकिकृत बस्ती बिकास गर्ने सोचका साथ कार्यक्रम अगाडी बढाईने छ । साथै गाउँपालिका केन्द्रको नमुना वस्ती विकास गर्नको लागि व्यवस्थित ढल, सडक, खानेपानी, गार्डेन, पार्क लगाएतको कार्य गर्नको लागि गुरु योजना डि.पि.आर तयार गर्ने काम प्रारम्भ भईसकेको छ ।

४१. यस गाउँपालिकाको प्रमुख पेशा कृषि भएको हुँदा कृषिलाई व्यावसायिकरण गर्दै कृषि सुचना तथा सञ्चार केन्द्रलाई थप व्यवस्थीत बनाउदै लगिनेछ ।

४२. गाउँपालिका क्षेत्रको आर्थिक विकास र सम्वृद्धिका लागि निजी क्षेत्रहरुसंग समेत साझेदारी गर्दै अगाडी बढ्ने नीति लिइनेछ । निजी क्षेत्रलाई लगानी गर्न उचित वातावरणको सिर्जना गरिनेछ साथै सेवाप्रदायक संघ संस्थालाई समन्वयका साथ कार्यक्रम सन्चालन गर्ने वातावरण निर्माण गरिनेछ ।

४३. गोकुलगंगा गाउँपालिकाको आर्थिक तथा सामाजिक स्तर बृद्धि तथा थप नीजि लगानीलाई प्रोत्साहन गर्ने सोचका साथ गोकुलगंगा गाउँपालिका स्तरिय लगानी सम्मेलनको आयोजना गरिने छ ।

४३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गरी शहरी तथा ग्रामिण क्षेत्रका जनतामा सुषुप्त अवस्थामा रहेको उद्यमशिल व्यक्तित्व विकासका लागि घरेलु तथा साना उद्योग व्यवसाय संचालन गर्न सरिक गराउने र बेरोजगार रहेका युवालाई स्वरोजगार बनाइ आत्मनिभर बनाउन स्थानीय स्तरमा रोजगारको अवसर सृजना गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

४४. यस गाउँपालिकामा विकासका क्रियाकलापहरु संचालन गर्दा वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ ।

४५. सिंञ्चित तथा असिञ्चित कृषि भूमिलाई घर घडेरीमा परिवर्तन गर्न नपाईने तथा जग्गाको खण्डीकरणलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइने छ । गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो जमिनलाई खेति योग्य जमिनको रुपमा बिकास गर्ने नीतिलाई तदारुकताका साथ कार्यन्वयन गरिने छ । बाँझो जमिन राख्ने चलनलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिने छ ।

४६. पशु आहार सेवा कार्यक्रम तथा पशु सेवा प्रसार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

४७. **“स्वदेशमा नै रोजगारी गरौं वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सकेर मात्र जाऔ”** भन्ने कार्यक्रमलाई निरन्तरता प्रदान गर्नुका साथै विदेश बाट

फर्केका तथा नव युवाहरुलाई उद्यम विकास गर्ने कार्यक्रम संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

४८. हाम्रो समाजमा बिधमान रहेको सामाजिक विभेद, कुरीति तथा कुसंस्कार लाई हटाउँदै लैंङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मुलप्रवाहीकरण र महिला सहभागितामा वृद्धि गर्ने नितिलाई प्रोत्साहित गर्दै जिविकोपार्जनको लागि आय आर्जनको कार्यक्रम संचालन गरिनेछ ।

४९. हाम्रो गाउँपालिकाको विकास र समृद्धिको लागि यस क्षेत्रमा प्रवेश गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई समन्वय तथा सहकार्य गरी अगाडी बढ्ने निति बिकास गरिने छ । गैर सरकारी संघ संस्थाहरुले जनतालाई प्रत्येक्ष लाभ पुग्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

५०. स्थानिय प्रशासनलाई सुशासनका मुल्य मान्यता तथा सिद्धान्तहरुमा आधारित रही स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै लगिनेछ ।

५१. गाँउपालिकाको कार्यालय, वडा कार्यालय र बिषयगत शाखाका कर्मचारीहरुमा सकरात्मक सोचका साथ सेवा प्रवाहमा प्रतिबद्धता, सेवा ग्राही प्रति उत्तरदायी तथा जवाफदेही बनाउन कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना तथा कार्यन्वयन गरिनेछ ।

५२. कर्मचारीहरुको क्षमता विकासको लागि समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । गाउँपालिका भित्रका विभिन्न शाखाका शाखा प्रमुखहरु सँग कार्यसम्पादन करार गरी उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने ब्यबस्थालाई कार्यन्वयनमा ल्याईने छ ।

५३. गाउँपालिकाको व्यबस्थित विकासको लागि सल्लाहकारहरु, विषय विज्ञ, (consultant)र अन्य आवश्यकता बमोजिमका जनशक्ति नियुक्ति तथा व्यबस्थापन गरिनेछ ।

५४. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनिय, क्षमता युक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ ।

५५. **समृद्धिका लागी वन** भन्ने मूल नारा लाई आत्मसात गदै सामुदायिक वन, कवुलियत वन, नीजी वन क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक कार्यक्रमको व्यवस्था मिलाईने छ ।

५६. यस गा.पा.को प्रभावित क्षेत्रभित्र रहेका लघु, मझौला तथा ठुला जलविधुत आयोजनाहरुले स्थानीय सरकारसंगको समन्वयमा काम गर्ने नीतिलाई प्रभाबकारी रुपमा कार्यन्वयन गरिनेछ । जलबिद्युत आयोजनाहरु संचालनमा स्थानीय सरकारले उचित वातावरण निमार्ण गर्नु आफ्नो मुख्य जिम्मेवारी ठानेको छ। उपरोक्त जिम्मेवारीलाई हृदयङ्गम गर्दै संचालनमा रहेका जलबिद्युत आयोजनाहरुले स्थानीय सरकारले लिएको लक्ष्यमा समाहित भई प्रभावित क्षेत्रभित्र पर्ने वातावरणीय प्रभाव, सामाजिक पुर्वाधार विकास जस्ता कार्यमा सहयोग प्राप्त हुने अपेक्षा गरेको छ ।

५७. जल, जंगल, गैरकाष्ठ वन पैदावार, जडिबुटी, फलफुल खेति, पशुपालनमा आधारित उद्योग(जटिबुटी प्रशोधन, अल्लो सिस्नु प्रशोधन, गैरकाष्ठ, वास, निगालोका सामग्री आदी) को लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु, यस गाउँपालिकाको पाँचौ गाउँसभामा प्रस्तुत आ.ब. २०७६/०७७ को नीति तथा कार्यक्रममा उपस्थित उपाध्यक्षज्यु, प्रमुख प्रशासकिय अधिकृतज्यु लगायत सम्पूर्ण सभाका सदस्यज्युहरु, कर्मचारी मित्रहरु, अतिथिज्यूहरु, पत्रकारज्यु, सुरक्षाकर्मी साथिहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी पाँचौ गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका उपाध्यक्षज्यु, प्रमुख प्रसासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, सभाका सदस्यज्युहरु, गाउँपालिकाका कर्मचारी मित्रहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक आभार व्यक्ति गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा एवं विश्वास लिँदै आ.ब. २०७६/०७७ लाई विकास र रोजगार वर्षको रुपमा मनाउनका लागि यहाँहरुको सहयोग र सदभाबको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु ।

**धन्यवाद ! जय गोकुलगंगा**